# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# श्रीपुर, कंचनपुर
# सुदुरपश्चिम प्रदेश, नेपाल

## औषधि,औषधीजन्य सामग्री तथा न्यानो झोला खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सुचना नं.** ०१-०७७/७८

(दोस्रो पटक प्रकाशित मिति: (२०७८।०२।१२)

यस कार्यालयलाई चालु आ.व.२०७७।७८ मा आधारभूत तथा आकस्मिक सेवाको लागि औषधी खरिद ( नि:शुल्क स्वास्थ्य सेवा कायक्रम), बाल स्वास्थ्य कार्यक्रम र महामारी नियन्त्रण कार्यक्रम अन्तर्गत आवश्यक औषधिहरु तथा आमा सुरक्षा कार्यक्रमका लागि न्यानो झोला खरिद गर्नको लागि प्राप्त बजेटबाट आवश्यक औषधिहरु,औषधीजन्य सामग्री तथा न्यानो झोला शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले ईच्छुक फर्म, सप्लायर, वा कम्पनिहरुबाट देहाय बमोजिम शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. दरभाउपत्र फारामहरु स्थानीय दैनिकमा दोश्रो पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रु १,०००।- (अक्षरुपी एक हजार मात्र), पछि फिर्ता नहुने गरी तिरेको रसिद, आ.व.०७७/७८ का लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाण पत्र, आ.व.०७६/७७ को कर चुक्ताको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र फर्मको आर्थिक कारोवारको लेखा परिक्षण प्रतिवेदनको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि, खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको लिखित घोषणा पत्र र प्रोप्राइटर स्वयं उपस्थित नभएमा निजको मन्जुरीनामाको सक्कलै निवेदन संलग्न गरी यस कार्यालयबाट दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले दरभाउपत्र खरिद गर्न सक्नेछन् ।

२. खरिद गरेको दरभाउपत्र रितपूर्वक भरी दोश्रो पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिउँसो १२:०० बजेभित्र बेलौरी नगरपालिका कार्यालय श्रीपुर कंचनपुरमा सिलबन्दी गरी दर्ता गराईसक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बेलौरी नगरपालिका कार्यालय श्रीपुर कंचनपुरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र साथ नेपाल भित्रको कुनै वाणीज्य बैंकले जारी गरेको कम्तीमा ७५ दिन (दाखिला गर्ने दिन देखी) को मान्य अवधि भएको शर्त रहित बैंक ग्यारेन्टी वा बेलौरी नगरपालिका श्रीपुर कंचनपुरको रा.वा.बैंक बेलौरी शाखामा रहेको धरौटी हिसाब न. ४३९०३०३००७१०२ मा नगद जम्मा गरेको सक्कलै भौचर शिलबन्दी गरी पेश गर्नु पर्नेछ । दरभाउपत्र खोल्ने र बिक्रि गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खोलिने दिनलाई अन्तिम दिन मानिनेछ ।

४. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

५. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक, स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. दरभाउपत्रदाताले दरभाउपत्रसाथ Bill of Quantity मा उल्लेखित औषधि तथा मालसामानहरुको ८० प्रतिशत (न्यानो झोला अनिवार्य) Suplly Unit को १ सेट नमुना (Sample) पेश गर्नु पर्ने छ ।

७. यस सम्बन्धि विस्तृत जानकारीको लागि दरभाउपत्र फाराम (Bid Document) अध्ययन गर्न हुन र थप बुझ्न आवश्यक भएमा यस कार्यालयको फोन नं. ०९९-५८०२१५ मा सम्पर्क गर्न सकिने छ ।

८. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

**तपसिल:**

| सि.नं. | दरभाउपत्र नं. | विवरण | लागत अनुमान (मु.अ.कर समेत) | धरौटी रकम |
|---|---|---|---|---|
| १. | ०१-०७७/७८ | औषधि,औषधीजन्य सामान तथा न्यानो झोला खरिद | १९,००,०००।- | ४७,५००।- |
| जम्मा | | | १९,००,०००।- | ४७,५००।- |

**प्रमुख प्रशासकीय अधिकृत**